डुगौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आज मिति २०८१ साल फाल्गुन १३ गते मंगलबारका दिन बिहान ८:३० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | [signature] |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | [signature] |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | सुरेश कुमार [signature] |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | [signature] |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | [signature] |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | [signature] |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | [signature] |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | [signature] |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | [signature] |
| १८. | श्री आशिष चौधरी | सचिव | [signature] |

१९. श्री दिनेश शाही - लेखा अधिकृत [signature]
२०. श्री मेवालाल चौधरी - प्रशासन शाखा [signature]
२१. श्री योगेन्द्र शाही - इन्जिनियर [signature]
२२ श्री सन्तराम [illegible] - क.अ. [signature]
२२ श्री अभिषेक [illegible] [illegible] [signature]
२३ श्री लेखनाथ उपाध्याय - सब इन्जिनियर [signature]

**प्रस्ताव नं. १ :-  कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :-  प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**प्रस्ताव नं. २ :- आ.व. २०८२।०८३ का लागि संघीय समपूरक अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ :-प्रस्ताव नं. २ माथी छलफल गर्दा श्री राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ को प्रकाशित सूचना अनुसारआ.व.२०८२।०८३ का लागि संघीय समपूरक अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्न तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरू श्री राष्ट्रिय योजना आयोगमा पठाउने  निर्णय गरियो ।

तपसिलः-

| क्र. स. | आयोजनाको नाम | आयोजना स्थल | लागत अनुमान रकम रु. | समपूरक अनुदान रकम रु. | गाउँपालिका लागत सहभागिता रकम रु. | आयोजना कार्यान्वयन विधि | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | खैरिपुर-भोक्सी सडक कालोपत्रे | जानकी- ८ | २,५३,४४,३४१।४० | १,२६,७२,१७०।७० | १,२६,७२,१७०।७० | बोलपत्र | |
| २. | दुर्गौली -झप्टी- मुनुवा सडक कालोपत्रे | जानकी -१ र ४ | ३,४५,८१,७९८।५० | १,७२,९०,८९९।२५ | १,७२,९०,८९९।२५ | बोलपत्र | |
| ३. | जगतपुर-मुर्तिया-कटाँसे जोड्ने सडक कालोपत्रे | जानकी- ६ र ९ | २,५९,९८,०६३।५० | १,२९,९९,०३१।७५ | १,२९,९९,०३१।७५ | बोलपत्र | |

**प्रस्ताव नं. ३ :- आ.व. २०८२।०८३ का लागि संघीय विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ :-प्रस्ताव नं.३ माथी छलफल गर्दा श्री राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ को प्रकाशित सूचना अनुसारआ.व. २०८२।०८३ का लागि संघीय विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम माग गर्न तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरू श्री राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

तपसिलः-

| क्र.स. | आयोजनाको नाम | आयोजना स्थल | लागत अनुमान रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | भृकुटी मा.वि. अधुरो विद्यालय भवन निर्माण | जानकी-३ | ८०,४०,१०६।१७ | बोलपत्र | |
| २. | ८ नं. वडा कार्यालय भवन निर्माण | जानकी-८ | १,३१,५०,३०२।४१ | बोलपत्र | |
| ३. | अति विपन्न तथा सिमान्तकृत समुदायका लागि नमुना आवास कार्यक्रम | जानकी | २,०६,५४,९६२।६६ | बोलपत्र | |

८१।११।१३

**आशिष चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

८१।११।१३

**गणेश चौधरी**
**अध्यक्ष**

**प्रस्ताव नं. ४ :- आ.व. २०८२।०८३ का लागि कृषि तथा पशुपन्छि विकास मन्त्रालयसंग योजना/कार्यक्रम माग गर्ने सम्बन्धमा ।**

निर्णय नं.४ :- प्रस्ताव नं.४ माथि छलफल गर्दा आ. व. २०८१।०८२ मा नेपाल सरकारबाट सशर्त हस्तान्तरित कुनै पनि आयोजना/कार्यक्रम नभएको तथा जानकी गाउँपालिका खद्यान्न वाली उत्पादनको भण्डार क्षेत्र रहेको तर बजेट अभावका कारण बालीहरुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न असहज भएको हुनाले तपसिल अनुसारको योजना/कार्यक्रम आ.व. २०८२।०८३ को लागि कृषि तथा पशुपन्छि विकास मन्त्रालय, सिंहदवार, काठमाण्डौं सँग माग गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.स. | कार्यक्रमको नाम | बजेट | कार्यन्वयन विधि |
|---|---|---|---|
| १. | नीजि क्षेत्रसंगको सहकार्यमा धान मिल मोडल कार्यान्वयन गर्ने कार्यक्रम । | ६० लाख | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय सहतान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ |
| २. | धान/मकै वाली प्रवर्द्धन कार्यक्रम । | ३० लाख | |
| ३. | तेलहन वाली प्रवर्द्धन कार्यक्रम । | १८ लाख | |
| ४. | कृषि तथा पशुपन्छि बजारिकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम । | ३५ लाख | |
| ५. | तरकारी वाली प्रवर्द्धन कार्यक्रम । | २० लाख | |
| ६. | उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम (धान, मकै र तरकारी बालीमा) । | ४० लाख | कृषि यान्त्रीकरण अनुदान परिचालन काकार्यविधि (स्थानीय तहबाट स्वीकृत) |
| ७. | उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम (गहुँ वाली) । | ३५ लाख | स्थानीय तहको स्वीकृत प्रतिफलमा आधारित प्रोत्सहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१ |

**प्रस्ताव नं.५ :- हेभी मेसिनरी उपकरण प्रयोग गर्न अनुमति दिने सम्बन्धमा ।**

निर्णय नं. ५:- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आन्तरिकको आयको ठेक्का नं. JRM/IR/01/2081/082 को लागि प्रारम्भिक वातावरणीय परिक्षण अद्यावधिक प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरु कैलाशेश्वर सामुदायिक वन नजिकको घाट देखि जगतपुर सामुदायिक वन नजिकको घाट वडा नं. ६, मालझुल घाट वडा नं. ६, रानीटप्पा घाट वडा नं.६ र ९ बाट साधारण निर्माणमुखी नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन कार्य गर्न पानीको बहाव धेरै भएकोले सो क्षेत्रमा पीनीको बहाव कम गर्न, उत्खनन्/संकलन क्षेत्रसम्म पुग्न पहुँच मार्ग निर्माण गर्न र हाते औजारले उत्खनन् कार्य गर्न निकै कठिन हुने अवस्था देखिएकोले उक्त कार्यका लागि सम्बन्धित ठेकेदारहरुलाई तपसिल बमोजिम नम्बर मेसिनरी उपकरण प्रयोगका लागि IEE प्रतिवेदनको पूर्णरुपमा पालना हुनेगरी जानकी गाउँपालिकाको स्थानीय अनुगमन समितिको सिफारिस बमोजिम ठेक्का सम्झौता अवधिसम्मको लागि उक्त क्षेत्रमा मेसिनरी उपकरण प्रयोग गर्न दिने निर्णय गरियो ।

८१.११.१३
...चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।११।१३
गणेश चौधरी
अध्यक्ष

तपसिल: -

| क्र.स. | मेशिनको नाम | मेशिन नम्बर | खोला | कैफियत |
|---|---|---|---|---|
| १. | स्काईभेटर | १. से १ क १३१८ (जे.सि.बि. स्काभेटर)<br>२. HYundai On test | पट्टामा उल्लेख गरिएको खोलाहरु | |
| २. | ब्याक हो लोडर | १. सु.प.प्र.०१००१क २११० (जे.सि.बि. ब्याक हो लोडर)<br>२. से १ क १००३ (जे.सि.बि. ब्याक हो लोडर)<br>३. से.१ क १२८२ (जे.सि.बि. ब्याक हो लोडर)<br>४. से.१ क १०५२ (जे.सि.बि. ब्याक हो लोडर)<br>५. से.१ क १२३८(जे.सि.बि. ब्याक हो लोडर) | पट्टामा उल्लेख गरिएको खोलाहरु | |

८१.११.१३
आशिज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।११।१३
गणेश चौधरी
अध्यक्ष